रु. १००/- अंकित दरको ३६,५०,००० कित्ता शेयरहरु रसुवा जिल्लाको आयोजना प्रभावित क्षेत्र अति प्रभावित आमाछोदीङमो गाउँपालिका वडा नं. ५ चिलिमे (साविक चिलिमे गा.वि.स.), प्रभावित वर्ग आयोजनाले निर्माण गर्ने प्रशारण लाइनबाट प्रभावित हुने आमाछादिङमो गाउँपालिका वडा नं. ४ गोल्जुङ (साविक गोल्जुङ गा.वि.स.) सामान्य प्रभावित आमाछोदिङमो गाउँपालिकाका अन्य वडाहरु:-१,२,३ (साविक गत्लाङ गा.वि.स. र हाकु गा.वि.स.) तथा न्युन प्रभावित बाँकी सम्पूर्ण जिल्लाबासीहरुका बासिन्दाहरुको निमित्त धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिने छ । प्रचलित कानून बमोजिम तयार गरिएको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन बमोजिम प्रभावित क्षेत्र निर्धारण गरिएको छ ।

आयोजना प्रभावित रसुवा जिल्लाबासीहरुको लागि छुट्याइएको १० प्रतिशतले हुन आउने ३६,५०,००० कित्ता शेयरलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही आयोजना प्रभावित जिल्लावासी लगानीकर्ताहरुलाई जिल्ला समन्वय समिति रसुवाको मिति २०७६/१०/२९ गते बसेको बैठकको निर्णयानुसार आयोजनाबाट अति प्रभावित क्षेत्र आमाछोदीङमो गाउँपालिका वडा नं. ५ चिलिमे (साविक चिलिमे गा.वि.स.), प्रभावित वर्ग आयोजनाले निर्माण गर्ने प्रशारण लाइनबाट प्रभावित हुने आमाछोदिङमो गाउँपालिका वडा नं. ४ गोल्जुङ (साविक गोल्जुङ गा.वि.स.) सामान्य प्रभावित आमाछोदिङमो गाउँपालिकाका अन्य वडाहरु:- १,२,३ (साविक गत्लाङ गा.वि.स. र हाकु गा.वि.स.) तथा न्युन प्रभावित (बाँकी सम्पूर्ण जिल्लाबासीहरु) वर्गमा पर्ने बासिन्दाहरुको लागि शेयर बाँडफाँड गर्दा सो को अनुपात क्रमशः ४.२५:३ : १.५:१ हुने गरी शेयर बाँडफाँड गरिनेछ ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता :	१० कित्ता	दरखास्तसाथ भुक्तानी गर्नुपर्ने	
दरखास्त दिन पाउने अधिकतम कित्ता :	७०० कित्ता	रु. १००/- प्रति शेयरको दरले	

सान्जेन जलविद्युत कम्पनी लिमिटेड
SANJEN JALAVIDHYUT COMPANY LIMITED

रजिष्टर्ड कार्यालयः महाराजगंज ३, काठमाडौं फोन नं. ०१-४३७४२७५, फ्याक्स नं. ०१-४३७५३१९ | URL: www.sjcl.com.np, email: sanjenhcl@gmail.com

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधि

निष्काशन खुल्ला मिति : २०७९/०५/०५ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७९/०५/१९ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७९/०६/०४ गते (बैंकिङ्ग समय पश्चात्)

आयोजना	कुल लागत रकम करोडमा (रु.) (IDC सहित अनुमानित)	प्रति मेगावाट लागत रकम करोडमा (रु.) (IDC सहित अनुमानित)	विद्युत उत्पादन अनुमतिको बाँकी अवधि (वर्ष)	साधारण लगानी फिर्ता हुने अवधि (वर्षमा)	डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (वर्षमा)
सान्जेन (माथिल्लो) र सान्जेन जलविद्युत आयोजना	११८५.५७	२०.६९	२८	८.९०	१८.३२

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९ चैत्र मसान्त	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१
प्रति शेयर आम्दानी (रु.)	०.९४	(१.०९)	(०.९१)	(१.००)	(०.८५)	३.२२	७.१२
प्रति शेयर नेटवर्थ (रु.)	९७.५९	९५.७९	९४.९०	९४.१३	९४.५५	९७.७८	१०४.९०
संचित नाफा/नोक्सान रु. हजारमा	(७९,१२६)	(१,३८,२०९)	(१,६७,६२४)	(१,९२,७०३)	(१,९८,७७०)	(८१,१४९)	१,७८,८७३

क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण

यस विवरणपत्र अनुसार अग्रीम १० प्रतिशत रकम संकलनका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४६(क) को उपनियम ४ तथा जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुरुप आह्वान गरीएकोमा नेपाल धितोपत्र बोर्डले नेपाल सरकारबाट लागु **"जनताको जलविद्युत कार्यक्रम"** अन्तर्गतका संगठीत संस्थानहरुले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ को उपनियम (७) बमोजिम क्रेडिट रेटिङ्ग गर्न नपर्ने गरी छुट प्रदान गरेकोले यस साधारण शेयर निष्काशनका लागि क्रेडिट रेटिङ्ग गरिएको छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०७९/०३/०९ र कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मितिः २०७९/०३/०९

१. संस्थाको नाम: सान्जेन जलविद्युत कम्पनी लिमिटेड (SANJEN JALAVIDHYUT COMPANY LIMITED)

२. कुन ऐन अन्तर्गत स्थापित भएका सो कुरा: कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्ट्रर्ड ठेगाना: यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ३, महाराजगंजमा रहेको छ ।

४. कारोवार गर्ने मुख्य स्थान:

सान्जेन जलविद्युत कम्पनी लिमिटेड अन्तर्गत संचालित २ वटा जलविद्युत केन्द्रहरु रसुवा जिल्लाको साविक चिलिमे गा.वि.स. मा रहेको छन् । यस कम्पनीको कारोबार गर्ने स्थान काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, महाराजगंजमा रहेको छ ।

५. कम्पनीको स्थापनाकालदेखि हालसम्मको सक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

सान्जेन जलविद्युत कम्पनी लिमिटेड कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६।१०।१८ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनीले सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे.वा.क्षमता) को लागि मिति २०६९।०५।०७ मा विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरेको र उक्त अनुमति पत्र बहाल रहने अवधि मिति २०६९।०५।०७ देखि २१०५।०५।०६ सम्म भएको यसै गरि सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा. क्षमता) को लागि मिति २०६८।०८।१२ मा विद्युत उत्पादनको अनुमति पत्र पाएको हो । उक्त अनुमति पत्र बहाल रहने अवधि मिति २०६८।०८।१२ देखि मिति २१०४।०८।११ सम्म भएको । कम्पनीले मिति २०६८।०३।८ को विशेष साधारण सभाबाट अधिकृत पुँजी रु.३ अर्ब ७५ करोड रहने गरी उद्योग दर्ताको प्रमाणपत्र प्राप्त गरेको छ ।

हाल परामर्शदाताको सिफारिस अनुसार सान्जेन (माथिल्लो) जलविद्युत आयोजना सम्पन्न हुने अवधि २०७९ अषाढमसान्त र सान्जेन जलविद्युत आयोजना सम्पन्न हुने अवधि २०७९ चैत्र मसान्त सम्म रहेको छ । सो को आधारमा आयोजनाको संसोधित अनुमानित लागत रु.९ अर्ब १० करोड १९ लाख (IDC) बाहेक हुने अनुमान गरिएको छ । आयोजनाहरुको निर्माण अवधिको ब्याज रु २ अर्ब ७५ करोड ३७ लाख हुने अनुमान गरिएको छ । लागत बृद्धि हुनुको मुख्य कारणमा डिजाइन परिवर्तन, भुकम्प, सीमा अवरोध, कोभिड १९ लगायतका विभिन्न कारणले निर्माण अवधि लम्बिन गएको र विदेशी मुद्रा विनिमय दरमा भएको परिवर्तन, Price Escalation र थप कार्यालय सँचालन सम्भार खर्च समेत रहेको छ ।

यस कम्पनीमा चिलिमे जलविद्युत कम्पनी लिमिटेड, नेपाल विद्युत प्राधिकरण सहित रसुवा जिल्लाका तत्कालिन जि.वि.स. र गा.वि.स.हरुको संस्थापक शेयर रहेको छ । कम्पनीको प्रबन्धपत्र र नियमावली अनुसार जारी पुँजीको ३९.३६ प्रतिशत चिलिमे जलविद्युत कम्पनी लिमिटेड, १०.३६ प्रतिशत नेपाल विद्युत प्राधिकरण र १.२८ प्रतिशत रसुवा जिल्लाका तत्कालिन जि.वि.स. र गा.वि.स.हरुको स्वामित्व रहेकोछ । यसैगरी कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरेका सञ्चयकर्ता कर्मचारीहरुको १९.५ प्रतिशत, ऋणदाता संस्थाका कर्मचारीहरुको १ प्रतिशत, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरुको ३.५ प्रतिशत स्वामित्व रहेकोछ । यस बाहेक धितोपत्र दर्ता तथा निष्काशन नियमावली बमोजिम उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र) रसुवा जिल्लाका बासिन्दालाई १० प्रतिशत र सर्बसाधारणलाई १५ प्रतिशत निष्काशन तथा बाँडफाँड गर्ने ब्यबस्था रहेकोमा सर्वसाधारण तर्फको शेयर निष्काशन भईसकेको छ । यस विवरणपत्र अनुसार आयोजना प्रभावित रसुवा जिल्लाका बासिन्दालाई छुट्याइएको १० प्रतिशत शेयर निष्काशन तथा बाँडफाँड गरिने छ ।

यस कम्पनीको उद्देश्यहरु देहाय बमोजिम रहेको छ:

- प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त गरी रसुवा जिल्लाको सान्जेन खोलामा उपलब्ध जलश्रोत उपयोग गरी सान्जेन (माथिल्लो) जलविद्युत आयोजना र सान्जेन जलविद्युत आयोजना निर्माण, सँचालन र ब्यवस्थापन गर्ने र उक्त आयोजनाहरुबाट उत्पादित विद्युत बिक्री गर्ने ।
- सम्भाव्य जलविद्युत आयोजनाको पहिचान गरी अनुमतिपत्र प्राप्त गरी सर्वेक्षण, निर्माण, सँचालन र व्यवस्थापन गर्ने र ती आयोजनाहरुबाट उत्पादित विद्युत शक्ति बिक्री गर्ने ।
- विभिन्न जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, सँचालन र व्यवस्थापन गर्न अन्य कम्पनीसंग साझेदारीमा लगानी गर्ने वा नयाँ कम्पनी स्थापना गरी सो कार्य गर्ने ।
- उत्पादित विद्युत शक्ति बिक्री वितरणका निमित्त आवश्यकता अनुसार सवस्टेशन तथा प्रशारणलाइनहरु निर्माण गर्ने र राष्ट्रिय प्रणालीसंग जोडी बिक्री वितरण गर्न आवश्यक व्यवस्था गर्ने ।
- उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा कुनै संगठित संस्थालाई एकमुष्ठ बिक्री गर्ने वा प्रचलित कानूनका अधिनमा रही आफ्नै प्रशारणलाइन विकास गरी वा अन्य निकायको प्रशारणलाईन प्रयोग गरी उपभोक्ताहरुलाई बिक्री वितरण गर्ने ।
- उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा अन्य कुनै संगठित संस्थालाई बिक्री गर्ने सम्बन्धमा संभौता गर्ने ।
- प्रचलित कानून बमोजिम स्वीकृति लिई उत्पादित जलविद्युत विदेशमा निर्यात गर्ने ।
- जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापनसंग सम्बन्धित र सहायक हुने अन्य आवश्यक काम गर्ने ।

आ.व.२०७७।७८ सम्म लगानी भएको पूँजीलाई आधार बर्ष मानि आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Non Discounted Pay Back Period) ८.९० बर्ष रहेको र डिस्काउण्टेड लगानी फिर्ता हुने अवधि (Discounted pay back period) १८.३२ बर्ष हुने अनुमान रहेको छ। साथै, आयोजनाहरुको Internal Rate of Return ११.१९ प्रतिशत र Net present value १५,०९,०८० (रु. हजारमा) रहेको छ ।

सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे.वा.) क्षमताको विद्युत खरिद विक्री सम्बन्धी सम्झौता मिति २०६८।०६।२३ मा गरेको र सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा) क्षमताको विद्युत खरिद विक्री सम्बन्धि सम्झौता मिति २०६८।०८।१९ मा गरेको । संशोधित पि पि ए बमोजिम उक्त दुबै आयोजनाको व्यापारिक उत्पादन शुरु हुने सम्भावित Commercial Operation Date (COD) मिति २०७९ आषाढ १५ गतेसम्म कायम रहेको छ । तत् पश्चात् विभिन्न समयमा commercial operation date संशोधन हुदै आएको र सो वापत कुनै किसिमको थप जरिवाना हर्जाना तिर्नु नपरेको ।

परामर्शदाताको सिफारिस अनुसार सान्जेन (माथिल्लो) जलविद्युत आयोजना २०७९ अषाढमसान्त (१६ जुलाइ २०२२) र सान्जेन जलविद्युत आयोजनाको २०७९ चैत्र मसान्तसम्ममा (१३ अप्रिल २०२३) निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

कम्पनीबाट निर्माणाधिन जलविद्युत आयोजनाहरु रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिका वडा नं ५ मा अबस्थित छन्। दुवै आयोजनाको औसत वार्षिक उर्जा ३२ करोड ४३ लाख ५ हजार युनिट हुनेछ । उक्त उर्जा खरिद विक्रीका लागि नेपाल विद्युत प्राधिकरण र कम्पनी बीच सम्भौता भएको छ । सान्जेन (माथिल्लो) को १६१.३ मिटर ग्रस हेड, डिजाइन डिस्चार्ज ११.०७ घन मिटर प्रति सेकेण्ड र सान्जेन जलविद्युत आयोजनाको ग्रस हेड ४४२ मिटर र डिजाइन डिस्चार्ज ११.५७ घन मिटर प्रति सेकेण्ड रहेको छ ।

विद्युत खरिद सम्भौताका मुख्य बुदाँहरु देहाय अनुसार रहेको छ :

संभौता दुवै पक्षले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ । विद्युत उत्पादन अनुमतिपत्र (Generation License) जारी भएको मितिदेखि निर्माण अवधि सहित ३५ वर्षको अवधिसम्म उक्त अनुमति कायम रहने छ । संभौताको अवधि समाप्त हुनु भन्दा ६ (छ) महिना अघिदेखि छलफल शुरु गरी दुवै पक्षको सहमतिमा संभौता अवधि थप गर्न सकिने छ ।

विद्युत खरिद बिक्री :

क) काबु बाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा प्राधिकरणले ब्यापारिक उत्पादन हुरु हुने मितिदेखि प्रत्येक महिना आयोजनाबाट उत्पादन हुने Availability Declaration अनुसार कन्ट्रयाक्ट इनर्जी परिमाण सम्मको उर्जा खरिद गर्नु पर्नेछ ।
ख) काबु बाहिरको परिस्थिति उत्पन्न भएमा खरिद गर्नु पर्ने उर्जाको हिसाब समानुपातिक आधा। (Prorata Basis) मा निर्धारण गरिनेछ ।
ग) कम्पनीले पनि आयोजनाबाट उत्पादित विद्युत शक्ति डेलिभरी प्वाइण्टसम्म पुर्याउने व्यवस्था मिलाउनु पर्नेछ ।
आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति प्राधिकरणको पूर्व स्वीकृति विना अन्य निकायलाई बिक्री गर्न वा यस्तो अधिकार सुम्पिन पाईने छैन ।
आयोजनाको परीक्षण उत्पादनको क्रममा प्राधिकरणले प्राप्त गर्ने विद्युत उर्जा वापत प्राधिकरणले कम्पनीलाई कुनै रकम भुक्तानी गर्नुपर्ने छैन ।

विल र भुक्तानी:

- कम्पनीले प्रत्येक महिनामा अघिल्लो महिनामा उपलब्ध गराएको दफा ११ बमोजिमको विद्युत उर्जा र त्यस वापतको विद्युत महसुल समेत उल्लेख भएको बिल तोकिएको ढाँचामा प्राधिकरण समक्ष पेश गर्नेछ । प्राधिकरणले बिल प्राप्त भएको ४५ (पैंतालिस) दिन भित्र सो बिलको भुक्तानी गर्नु पर्नेछ । उक्त समय भित्र प्राधिकरणले बिल बमोजिमको महसुल भुक्तान नगरेमा सो रकमको वार्षिक ६% (छ प्रतिशत) का दरले हुने ब्याज रकम समेत भुक्तान गर्नु पर्नेछ ।
- कम्पनीले पठाएको बिलमा कुनै विवाद उत्पन्न भएमा वा बिलमा उल्लेखित रकम प्राधिकरणलाई मान्य नभएमा प्राधिकरणले त्यसरी मान्य नभएको रकमका सम्बन्धमा कारण सहित सूचना दिई विवादित रकम कटाई बाँकी रकम भुक्तानी दिनेछ । प्राधिकरणले त्यसरी मान्य नभएको विवादित रकमका सम्बन्धमा कम्पनीले बिल पेश गरेको मितिले बढीमा ९० (नब्बे) दिन भित्र दुबै पक्ष बसी आपसी सहमतीबाट विवादको समाधान गरिनेछ । विवाद समाधान भएपछि प्राधिकरणले कट्टा गरेको रकम मध्ये तिर्नु पर्ने ठहर भएको रकम मात्र विवाद समाधान भएको मितिले ७ (सात) कार्यालय दिन भित्र प्राधिकरणले भुक्तानी दिनेछ । यसरी ७ (सात) कार्यालय दिन भित्र सो रकम भुक्तानी नभएमा यस दफामा उल्लेख भउ अनुसारको दरमा ब्याज रकम समेत भुक्तानी गर्नेछ । बील पेश गरेको मितिले सात दिन भित्र भुक्तानी पाउन कम्पनीले अनुरोध गरेको अवस्थामा प्राधिकरणले भुक्तानी योग्य बील रकमको तीन प्रतिशत छुट (Rebate) कट्टा गरी सात दिन भित्र भुक्तानी गर्न सक्नेछ । यस विद्युत खरिद संभौता बमोजिम भुक्तानी गर्नु पर्ने रकममा प्रचलित कानून बमोजिम प्राधिकरणले कर कट्टी गर्नु पर्ने भए, सो रकम कट्टी गरेर मात्र भुक्तानी दिईने छ ।
- विद्युत खरिद विक्री सम्भौता अनुसार सान्जेन जलविद्युत आयोजनाको व्यापारिक उत्पादन भएको वर्षको हकमा तल प्रस्तुत तालिकाको दररेट बमोजिम र त्यसपछि १० वर्षसम्म ३ प्रतिशतले १० पटकसम्म मूल्यवृद्धि हुने व्यवस्था छ । सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको हकमा ब्यापारिक उत्पादन भएको वर्षको हकमा तल तालिका बमोजिमको दररेट र प्रत्येक वर्ष ३ प्रतिशतका दरले ५ पटकसम्म मुल्यबृद्धि हुने व्यवस्था रहेको छ ।

विद्युत खरिद-बिक्री सम्भौता बमोजिम सुख्खा तथा वर्षायामको विद्युत उत्पादन युनिट तथा बिक्री मूल्य

महिना	सान्जेन (माथिल्लो) ज.वि.आ.		सान्जेन ज.वि.आ.	
	Units (एकाई)	Rate (दर) रु.	Units (एकाई)	Rate (दर) रु.
बैशाख	७,२२८,०३५	४।८०	२०,९९५,४९६	४।८०
जेष्ठ	१०,४२७,८८३	४।८०	२८,६३७,९५०	४।८०
आषाढ	१०,७६४,२६६	४।८०	३१,१७७,७२८	४।८०
श्रावण	१०,४२७,८८३	४।८०	३०,२०३,४२४	४।८०
भाद्र	१०,४२७,८८३	४।८०	३०,२०३,४२४	४।८०
असोज	१०,४२७,८८३	४।८०	३०,२०३,४२४	४।८०
कार्तिक	८,२४३,०९९	४।८०	२३,८६३,१००	४।८०
मंसिर	३,९०९,७२९	४।८०	१२,३०२,६०४	४।८०
पौष	२,६१३,४४५	८।४०	८,६८५,४१७	८।४०
माघ	१,९८५,६६८	८।४०	६,८७१,२६६	८।४०
फाल्गुण	२,३४२,६००	८।४०	७,६५८,७३१	८।४०
चैत्र	३,६१४,००८	८।४०	११,०६२,८८९	८।४०
जम्मा	८२,४१२,४८२		२४१,८६३,४५३	

आयोजनाको हालको लागत अनुमान:

- आयोजनाको संशोधित लागत अनुमान निर्माण अवधिको ब्याजसहित रु.११ अर्ब ८५ करोड ५७ लाख रहेको छ । अनुमानित लागतलाई विदेशी बिनियमय दर, कोभिड-१९, भुकम्प, डिजाईन परिवर्तन, नेपाल-भारत सिमा अवरोध, समय र राष्ट्रिय तथा अन्तराष्ट्रिय घटना क्रमले पनि असर गर्ने देखिएको छ ।

विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने :

- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्याक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।
- कन्ट्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (अस्सी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछः
- मुख्य ४ वटा लटहरु अन्तर्गत आयोजना निर्माणका कामहरु भईरहेका छन् ।
- सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको लट ३ इलेक्ट्रोमेकानिकल कार्य बाहेक अन्य सबै लटका कार्यहरु करिव सम्पन्न भइसकेका छन् । इलेक्ट्रोमेकानिकल कार्य अन्तर्गत मेशीन उपकरण जडान सम्बन्धि कार्यहरु द्रुत गतिमा भईरहेको छ । सान्जेन जलविद्युत आयोजनाका सिभिल, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल सम्बन्धि कार्यहरु भइरहेका छन् । लट ५ अन्तर्गत दुबै आयोजनाहरुको लागि निर्माण गरिने ट्रान्समिशन लाइनको कार्य अन्तिम चरणमा रहेको छ ।

लट अनुसार प्रगति विवरण

लट अनुसार आयोजनाहरुको प्रगति विवरण

आयोजना	सान्जेन (माथिल्लो) ज.वि.आ.	सान्जेन ज.वि.आ.
लट १ ईन्फ्रास्ट्रक्चर कार्य	१०० प्रतिशत	१०० प्रतिशत
लट २ सिभिल निर्माण कार्य	९९.२४ प्रतिशत	८८.४७ प्रतिशत
लट ३ इलेक्ट्रोमेकानिकल कार्य	६८.१८ प्रतिशत	६७.३६ प्रतिशत
लट ४ हाइड्रोमेकानिकल कार्य	९४.५९ प्रतिशत	८४.०६ प्रतिशत
लट ५ ट्रान्समिशन लाइन निर्माण कार्य	९५ प्रतिशत	
समग्र प्रगति	सान्जेन माथिल्लो जलविद्युत आयोजना - ९२.४५ प्रतिशत	
समग्र प्रगति	सान्जेन जलविद्युत आयोजना- ८३.९१ प्रतिशत	

- आयोजना प्रभावित क्षेत्रमा स्वीकृत EIA Report ले निर्देशित गरेका गतिविधिहरु क्रमशः सम्पन्न गरिने छन् ।

६. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको स्थापना प्रचलित कानून अन्तर्गत पब्लिक कम्पनी लिमिटेडको रुपमा भएको हो । यसमा शेयरधनीहरुको दायित्व निजहरुले खरिद गरेको वा गर्न कबुल गरेको शेयरको अंकित मूल्य रकम सम्म मात्र सिमित रहेको छ ।

७. आयोजनाको सकारात्मक पक्षहरु:

१. नविकरणीय उर्जाको श्रोत जलविद्युत शक्तिको उत्पादन भई राष्ट्रिय उत्पादकत्व वृद्धि हुने ।
२. सर्वसाधारणमा शेयर जारी गरिने भएकोले फराकिलो जनसहभागीता भई स्थानीय र सर्वसाधारणको आर्थिक र सामाजिक जीवनमा उल्लेखनीय परिवर्तन हुने ।
३. आयोजनास्थल दुर्गमस्थलमा रहेको हुँदा रोजगारी श्रृजना र स्थानीय स्तरमा पूर्वाधार सडक, पुल, विद्युत सेवा , सामाजिक उत्तरदायित्व समेत वहन हुने हुँदा स्थानियवासीको जीवनस्तर अभिवृद्धि हुने ।
४. विद्युत उत्पादनमा वृद्धि भई विद्युत आयातमा कमि ल्याई देशको ब्यापार घाटामा कमि ल्याउन सहयोग पुग्ने ।
५. पेट्रोलियम पदार्थको आयात कमि गर्न सहयोग पुर्याई विदेशी मुद्राको सञ्चिति अभिवृद्धि गर्न सकिने ।

८. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार विभिन्न समूहको लागि रु.३,६५,००,००,०००/- रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- को ३,६५,००,००० कित्ता साधारण शेयर छुट्याइएको छ । यस मध्ये ऋणदाता संस्थाका कर्मचारिहरु लाई छुट्याइएको १ प्रतिशतले हुन आउने ३,६५,००० कित्ता, संस्थापक शेयरधनी संस्थाका कर्मचारिका लागि ३.५ प्रतिशतले हुन आउने १२,७७,५०० कित्ता र कर्मचारी सञ्चय कोषमा रकम जम्मा रहेका सञ्चयकर्ता कर्मचारिहरुको लागि १९.५ प्रतिशतले हुन आउने ७१,१७,५०० कित्ता गरी जम्मा ८७,६०,००० कित्ता शेयर विभिन्न समूहहरु लाई निष्काशन गरी सकिएको तथा सर्वसाधारण शेयरधनी समूहलाई शेयर बापत छुट्याइएको १५ प्रतिशतले ५४,७५,००० कित्ता शेयर समेत निष्काशन गरी सकिएको र **हाल आयोजना प्रभावित रसुवा जिल्लाका स्थानियवासीका लागि छुट्याइएको १०% अर्थात ३६,५०,००० कित्ता शेयर** निष्काशन गरि आयोजनाको पूर्वाधार निर्माण तथा विकासको लागि खर्च जुटाउन उद्देश्य रहेको ।

९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ, तत्सम्बन्धी विवरण : कम्पनीबाट निर्माणाधिन सान्जेन (माथिल्लो) जलविद्युत आयोजना १४.८ मेगावाट र सान्जेन जलविद्युत आयोजना ४२.५ मेगावाट गरी जम्मा ५७.३ मेगावाटको जलविद्युत आयोजनाहरुको निर्माण कार्य भइरहेको अवस्थामा निष्काशनबाट प्राप्त हुने सम्पूर्ण रकम ठेक्का सम्झौता बमोजिम आवश्यकता अनुसार दुवै आयोजना निर्माण कार्यमा लगाइने छ ।

एन.एम.वि. बैंकबाट लिइएको अल्पकालिन ऋण कर्मचारी सञ्चयकोषबाट दीर्घकालिन ऋण लिई भुक्तानी गरिसकिएकोले यसवाट प्राप्त सवै रकम आयोजना निर्माणमा लगाइनेछ ।

१०. पूँजी संरचना सम्बन्धी जानकारी:

अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

१) **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पुँजी रु.३,७५,००,००,०००/- (अक्षरेपी तिन अर्ब पचहत्तर करोड) कायम रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले ३,७५,००,००० (तीन करोड पचहत्तर लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
२) **जारी पूँजी :** यस कम्पनीको जारी पूँजी रु.३,६५,००,००,०००/- (अक्षरेपी तीन अर्ब पैसठी करोड) कायम गरिएको छ । जसलाई प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले ३,६५,००,०००/- (तीन करोड पैसठी लाख) कित्ता शेयरमा विभाजन गरिएको छ । यस विवरण पत्र मार्फत आयोजना प्रभावित स्थानिय रसुवा जिल्लावासीको लागि सर्बसाधारण समूह अर्न्तगत रु. ३६,५०,००,०००/- (छत्तिस करोड पचास लाख) बराबरको ३६,५०,००० (छत्तिस लाख पचास हजार) कित्ता शेयर जारी हुनेछ ।
३) **चुक्ता पूँजी :** हाल कम्पनीको आ.व. २०७७/०७८ को आषाढ मसान्तसम्म चुक्ता पूँजी रु. ३,२८,५०,००,०००/- (अक्षरेपी तीन अर्ब अठ्ठाइस करोड पचास लाख मात्र) रहेको छ जसलाई प्रति शेयर अंकित मुल्य रु.१००/- का दरले ३,२८,५०,०००/- (तीन करोड अठ्ठाइस लाख पचास हजार) कित्ता शेयरमा विभाजन गरिएको छ । यस विवरण पत्र मार्फत रु. ३६,५०,००,०००/- (छत्तिस करोड पचास लाख) बराबरको ३६,५०,००० कित्ता शेयर आयोजना प्रभावित स्थानीय रसुवा जिल्लावासीको लागि जारी गरिनेछ । शेयर जारी गरे पश्चात कुल चुक्ता पूँजी रु. ३,६५,०,००,००००/- (अक्षरेपी तीन अर्ब पैसठ्ठी करोड मात्र) कायम हुने छ ।

११. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता, ऋण लगानी गर्ने संस्थाका कर्मचारी तथा संस्थापक शेयरधनी संस्थाका कर्मचारी समेतलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको पूँजी संरचना देहाय बमोजिम रहने छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना	चुक्ता पूँजी रकम रु.	भुक्तानी प्रतिशत	आर्थिक वर्ष
क	संस्थापक सेयर धनी समुह	१,८६,१५,०००	५१%	१,८६,१५,००,०००/-	शत प्रतिशत	पटक पटक
ग(अ)	कम्पनीलाई ऋण प्रदान गर्ने संस्थाका कर्मचारीहरु	३,६५,०००	१%	३,६५,००,०००/-	शत प्रतिशत	२०७३/०७४
ग(आ)	संस्थापक शेयरधनी संस्थाका कर्मचारी	१२,७७,५००	३.५%	१२,७७,५०,०००/-	शत प्रतिशत	२०७३/०७४
घ	कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चय कर्ता कर्मचारी	७१,१७,५००	१९.५%	७१,१७,५०,०००/-	शत प्रतिशत	२०७३/०७४
ङ	सर्वसाधारण	५४,७५,०००	१५%	५४,७५,००,०००/-	शत प्रतिशत	२०७५/०७६
च	आयोजना प्रभावित रसुवा जिल्लाका स्थानिय बासिन्दा	३६,५०,०००	१० %	३६,५०,००,०००/-	निष्काशन हुन बाँकी	
	जम्मा	३,६५,००,०००	१००%	३,६५,००,००,०००/-		

१२. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव : सबै संस्थापक संगठित संस्था भएको । संस्थापकको नाम ठेगाना र शेयर स्वामित्व देहाय बमोजिम रहेको छ ।

आधारभूत शेयरधनीको विवरण

क.सं.	संस्थापक शेयरधनीहरु	ठेगाना	शेयर संख्या
१	श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेड	धुम्बाराही, काठमाडौं	१४,३६६,४४९
२	श्री नेपाल विद्युत प्राधिकरण	दरबारमार्ग, काठमाडौं	३,७८१,४३०
३	श्री रसुवा जिल्लाका साविक जि.वि.स./गा.वि.स.	रसुवा	४६७,१२१
	जम्मा		१८,६१५,०००

सञ्चालकको विवरण

क.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	कार्यानुभव	प्रतिनिधित्व गर्ने संस्था
१	श्री रामजी भण्डारी	अध्यक्ष	५०	नेपाली	पोखरा न पा २८ कास्की	१४०	मास्टर्स इन पावर सिस्टम	नेपाल बिद्युत प्राधिकरणमा निरन्तर रुपमा कार्यरत रही २३ बर्षको कार्याअनुभव, हाल उपकार्यकारी निर्देशक पदमा कार्यरत	चिलिमे जलविद्युत कं.लि.
२	श्री सुभाष कुमार मिश्र	सञ्चालक	५३	नेपाली	भोजपुर मुलपानी	१४०	बी.ई., एमएस्सी (युनिभर्सिटी अफ वोडेनवर्ग, जर्मनी)	- नेपाल बिद्युत प्राधिकरणमा करिव २५ बर्षको अनुभव, - हाल चिलिमे ज.बि.क.लि.को सि.ई.ओ.मा कार्यरत	चिलिमे जलविद्युत कं.लि.
३	श्री लोकहरी लुइटेल	सञ्चालक	४३	नेपाली	कालीका देवी गा.वि.स, ओखलढुङ्गा	१३६०	एम बि ए (त्रिभुवन विश्वविद्यालय), ए सि सि ए, वेलायत	- नेपाल टेलिकममा १३ बर्षको अनुभव - नेपाल बिद्युत प्राधिकरणमा निर्देशकको रुपमा रही ८ बर्षको अनुभव, हाल उपकार्यकारी निर्देशक नेपाल विद्युत प्राधिकरण	नेपाल विद्युत प्राधिकरण
४	श्री शान्ति लक्ष्मी शाक्य	सञ्चालक	५९	नेपाली	भोजपुर, आदर्श-५ भोजपुर	१४०	एम पि ए (त्रिभुवन विश्वविद्यालय), एमए (त्रिभुवन विश्वविद्यालय), बिएल (त्रिभुवन विश्वविद्यालय)	- नेपाल विद्युत प्राधिकरणमा ३१ वर्ष भन्दा बढी सेवारत रही उपकार्यकारी निर्देशकको पदबाट अवकाश प्राप्त	चिलिमे जलविद्युत कं.लि.
५	श्री नारायण प्रसाद आचार्य	सञ्चालक	४६	नेपाली	धुम्बाराही-४, काठमाडौं	१३६०	एमबिएस, (त्रिभुवन विश्वविद्यालय) एलएलबी (त्रिभुवन विश्वविद्यालय)	- चिलिमे ज.बि.क.लि.मा १५ वर्षको अनुभव हाल कम्पनीको लेखा प्रमुख/कम्पनी सचिवमा कार्यरत - अध्यापन १२ बर्ष - नेपाल एसोसिएसन अफ ब्लाइन्ड, महाराजगंजमा करिव २ वर्षको अनुभव	चिलिमे जलविद्युत कं.लि.
६	श्री ठाकुर जंग थापा	सञ्चालक	३५	नेपाली	फुएतप्पा ७ इलाम	६११	- (सि ए - एम वि एस - एल एल वि	- कर्मचारी सञ्चय कोषमा निरन्तर ५ वर्ष कार्य अनुभव हाल का.मु. मुख्य प्रबन्धकमा कार्यरत - हुवावे नेपाल प्रा.लि., हिमालयन ब्रुअरी लि. लगायत निजि क्षेत्रको करिव ६ वर्षको अनुभव।	कर्मचारी संचय कोष
७	संस्थापक संचालक १ जना संस्थापकहरु मध्येबाट नियुक्त हुन बाँकी रहेको र नियुक्त हुने क्रममा रहेको।								

१३. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस कम्पनीमा ७ जना सञ्चालक रहेको सञ्चालक समिति रहेकोछ । प्रबन्धपत्रमा व्यवस्था भए बमोजिम संस्थापक बाहेक अन्य समूहमा सम्पूर्ण शेयर विक्री भएपश्चात सञ्चालक समितिले पूर्णता पाउने छ । प्रबन्धपत्रमा व्यवस्था भए बमोजिम देहायअनुसार ११(एघार) जना सञ्चालक रहने व्यवस्था रहेको छ :

क.सं.	विवरण	संख्या
१	संस्थापक शेयरधनी समूहबाट सञ्चालक	५ जना
२	सर्वसाधारण समूहबाट १ जना महिला सञ्चालक सहित (सर्वसाधारण समुह भित्र कर्मचारी सञ्चय कोषमा रकम सञ्चय गर्ने सञ्चयकर्ता कर्मचारीहरु, नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत कम्पनी लि., तत्कालिन रसुवा जिल्लाको जिल्ला समन्वय समिति र गाउँपालिकाका कर्मचारीहरु लगायत आयोजनामा कर्जा प्रवाह गर्ने संस्था (कर्मचारी सञ्चय कोष) का कर्मचारीहरु र आयोजना प्रभावित स्थानीय वासिन्दाहरु	४ जना
३	स्वतन्त्र सञ्चालक	२ जना
	जम्मा	११ जना

संस्थापक बाहेक अन्य समूहमा शेयर निष्काशन तथा विक्री नभएसम्म संस्थापक शेयरधनी चिलिमे जलविद्युत कम्पनीबाट ४ जना, नेपाल विद्युत प्रधिकरणबाट १ जना, कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताका तर्फबाट कर्मचारी सञ्चय कोषबाट मनोनित १ जना र अन्य संस्थापकहरुले मनोनयन गरेको १ जना समेत ७ (सात) जना सञ्चालक रहेको सञ्चालक समिति रहेको छ ।

सञ्चालक हुनकोलागि कम्पनीको कम्तीमा १०० कित्ता शेयर लिनु पर्नेछ । तर संस्थापक सेयरधनी संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागू हुने छैन ।

१४. उच्च व्यवस्थापकीय तहका अधिकृत कार्यकारीहरु सम्बन्धी विवरण:

क्र.सं.	नाम	पद	नियुक्ती मिति	शैक्षिक योग्यता	अनुभव	कम्पनीमा लिएको शेयर संख्या
१	श्री सुनिल कुमार ढुंगेल	प्रमुख कार्यकारी अधिकृत	२०७७।३।७	- पि जि डिप्लोमा इन पावर सिस्टम, नर्वे - एम वि ए	नेपाल बिद्युत प्राधिकरणमा रही जलविद्युत गृह निर्माण, प्रशारणलाइन सवस्टेशन निर्माण र वितरण तथा ग्राहकसेवा क्षेत्रमा समेत करिब ३५ वर्षको अनुभव	१४०
२.	श्री अर्पण बहादुर सिंह	आयोजना प्रमुख (सान्जेन ज.बि.आ. (४२.५ मे.वा.)	२०७६।२।१७	– बीई (सिभिल, त्रिभुवन विश्वविद्यालय), – एमएस्सी इन जियोटेक (त्रिभुवन विश्वविद्यालय)	– ने.वि.प्रा.मा १६ वर्षदेखि सिभिल ईन्जिनियरको रुपमा निरन्तर कार्यरत रहेको । – सान्जेन जलविद्युत आयोजनामा ३ वर्षदेखि सिभिल ईन्जिनियरको रुपमा निरन्तर कार्यरत रहेको ।	१४०
४.	श्री सुधन सिंह महत	आयोजना प्रमुख सान्जेन (माथिल्लो) ज.बि.आ.१४.८ मे.वा.	२०७०।११।१	– बीइ (एमई जियोटेक, जर्मनी	–सान्जेन ज.बि.क.मा करिव ४ वर्षको अनुभव। –सान्जेन (माथिल्लो) जलविद्युत आयोजनामा ५ बर्षदेखि सिभिल ईन्जिनियरको रुपमा निरन्तर कार्यरत रहेको।	१४५७
५.	श्री घनश्याम श्रेष्ठ	लेखा प्रमुख	२०७६।१०।१	– बीकम र एमपिए (त्रिभुवन विश्वविद्यालय)	– ने.बि.प्रा.केन्द्रीय कार्यालय, बितरण केन्द्र तथा प्रशारण सबस्टेसन, प्रशारणलाइन आयोजना र जलविद्युत आयोजनामा रही वित्त र लेखा सम्बन्धि कार्यको १५ बर्ष लेखाप्रमुखको अनुभव,४ बर्ष ने वि प्रा मा लेखा सहायक र अधिकृतस्तरको अनुभव, (हाल लेखा प्रमुख र कम्पनी सचिवको रुपमा कार्यरत रहेको	१५०

१५. सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भै नसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको सक्षिप्त वित्तिय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

यस कम्पनीको आ.व. २०७७/०७८ को लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रुपरेखा यस प्रकार छ ।

वासलात *(रु.हजारमा)*

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७७/७८	आ.व. २०७६/७७	आ.व. २०७५/७६	आ.व. २०७८/०७९ चैत्र मसान्त सम्म	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
सम्पत्ति							
अदृष्य सम्पत्ति	–	–	–	–	–	–	–
सम्पत्ति ,प्लान्ट तथा उपकरण	१,०८६	१,७६९	३,०२४	७४९	५१३	–	–
कर्पोरेट सम्पत्ति	-	-	-	–	–	–	–
सान्जेन माथिल्लो ज.वि.आ.	-	-	-	–	–	३९,८३,०७१	३८,१६,९३१
सान्जेन ज.वि.आ.	–	-	-	–	–	७६,१९,६८७	७३,११,८२१
आयोजना लगानी तथा कार्य प्रगती	८३,४३,५७७	७२,५२,७६२	५८,६०,३७९	९३,३३,२८८	१,०१,७०,७००	–	–
डेफर्ड कर सम्पत्ति	–	–	–	–	–	–	–
वित्तिय उपकरण	–	–	–	–	–	–	–
मुद्धती निक्षेप	१०,०००	१०,०००	१०,०००	१०,०००	१०,०००	१०,०००	१०,०००
चालु सम्पत्ति	–	–	–	–	–	–	–
जिन्सी मौज्दात	८४३	१,११२	४५१	१,५०८	१,५००	२,९५२	५४,०४९
ठेकेदार तथा परामर्शदातालाई पेश्की	१,६९,३४४	२,११,६९५	३,२८,६१८	८४,७११	७१,४५१	२३,१३५	–
निक्षेप तथा मार्जिन	८,४७०	८,५३७	३०,०२९	६,७९९	७,४७८	१,९८४	१०,१३२
अग्रिम भुक्तानी	१२८	१२८	७६	२०१	५३	–	–
कल तथा मुद्धतीमा प्राप्त ब्याज	११,९६६	१०,७५०	९,४११	१२,१६१	१२,१२२	१२,१२२	१२,१२२
वित्तिय उपकरण	१,५०,२७०	–	–	–	–	–	–
मुद्धती निक्षेप	१०,८०६	१,००,२७०	४०,२७०	२७०	२७०	–	–
लगानी	–	–	–	–	–	–	–
अन्य पेश्की	–	–	–	–	१३,८११	२,२८३	१,५११
व्यापार तथा अन्य प्राप्त गर्नुपर्ने	–	११,७७४	८,४६७	२०,४२४			२,९३,०२८
बैंक मौज्दात	११,९२८	४२,६६४	१६,४५३	१०,६९३	२२,४१०	५८,७७१	७३,१९९
जम्मा सम्पत्ति	८७,१८,४१८	७६,५१,४६१	६३,०७,२५८	९४,८१,१०४	१,०३,१०,३०८	१,१७,१४,००५	१,१५,८२,७८३
शेयर पूँजी तथा दायित्व							
चुक्ता पूँजी	३२,८५,०००	३२,८५,०००	३२,८५,०००	३२,८५,०००	३६,५०,०००	३६,५०,०००	३६,५०,०००
जगेडा कोष	(१,६७,६२४)	(१,३८,२०९)	(७९,१२६)	(१,९२,७०३)	(१,९८,७७०)	(८,११,४९)	१,७८,८७३
दायित्व	–	–	–	–	–	–	–
दीर्घकालीन दायित्व	२२०,३४१	–	–	–	–	–	–
वित्तिय उपकरण	–	–	–	–	–	–	–
दीर्घकालीन ऋण तथा सापटि	४९,७२,१००	४२,७८,४९७	२९,०२,१७८	६१,१२,७३७	६३,६०,६९५	७९,२५,३७७	७६,२७,८३९
अन्य ऋण	–	–	–	–	–	–	–
व्यवस्थाहरु	३,६०२	३,३३७	३४९	३,६०२	३४९	१,२५०	१,६९५
ठेकेदारबाट कट्टा सुरक्षण धरौटी	–	–	–	२,५५,९२८	३,०२,४०५	१,१५,६७१	९७,८३६
अन्य ऋण	३,५०,०००	–	–	–	–	–	–
चालु दायित्व	–	–	–	–	–	–	–
वित्तीय उपकरण	–	–	–	–	–	–	–
ठेकेदार अन्य भुक्तानी गर्नुपर्ने	–	–	–	–	१३,४८६	–	–
अन्य दायित्व तथा भुक्तानी गर्न बाँकी	५४,९९९	२२२,८३६	१९८,८५७	१६,५४०	१,८२,१२३	२२,८५६	२६,५४०
जम्मा शेयर पूँजी तथा दायित्व	८७,१८,४१८	७६,५१,४६१	६३,०७,२५८	९,४८,१०४	१,०३,१०,३०८	१,१७,१४,००५	१,१५,८२,७८३

नाफा-नोक्सान हिसाव *(रु.हजारमा)*

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७७/७८	आ.व. २०७६/७७	आ.व. २०७५/७६	आ.व. २०७८/०७९ चैत्र मसान्त सम्म	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
उपकरण भाडावाट प्राप्त आम्दानी	–	२,८४६	७,७१४	–	–	–	–
ठेकेदारबाट प्राप्त आम्दानी	–	–	–	–	–	–	–
विद्युत बिक्रीबाट प्राप्त आम्दानी	–	–	–	–	–	६,७७,३९६	१७,५८,९६६
बिक्रीको लागत	–	–	–	–	–	२३,९१७	४१,१२१
नाफा	–	–	–	–	–	६,५३,४७९	१७,१७,०४५
ब्याज आम्दानी	–	२,५३९	१९,९७५	–	–	–	–
अन्य आम्दानी	१,३०१	–	–	१६	–	–	–
संचालन तथा संभार खर्च केन्द्रिय कार्यालय	–	–	–	–	–	–	–
कर्मचारी खर्च	(१३,५१३)	(१४,२०९)	(१२,६८०)	(११,०२३)	(१५,१२२)	(५२,७६८)	(९६,६७४)
ह्रास तथा अर्मोटाईजेशन (केन्दीय कार्यालय)	(८५४)	(१,४११)	(१,५७५)	(४१९)	(५७२)	(५१३)	–
ह्रास तथा अर्मोटाईजेशन (आयोजना कार्यालय)	–	–	–	–	–	(२,५२,९९१)	(४,७४,००६)
संचालन तथा संभार खर्च	(१६,३०४)	(१७,१८७)	(१८,२९६)	(११,३२६)	(१५,८१९)	(३४,०५१)	(८९,७५२)
वित्तिय खर्च	–	–	–	–	–	(१,९३,१८१)	(७,९१,३९१)
विनिमय दरवाट भएको नाफा /(नोक्सान)	(४५५)	(८,४७२)	३१,६७९	(१,९०६)	३६९	–	–
कर्मचारी बोनस	–	–	–	–	–	(२,३५२)	(५,२००)
कर अघिको नाफा	(२९,८२५)	(३५,८९४)	२६,८१७	(२४,६५८)	(३१,१४४)	१,१७,६२३	२,६०,०२२
आय कर	–	–	–	–	–	–	–
लाभांस भुक्तानी व्यवस्था	–	–	–	–	–	–	–
खुद नाफा	(२९,८२५)	(३५,८९४)	२६,८१७	(२४,६५८)	(३१,१४४)	१,१७,६२३	२,६०,०२२
आधारभूत प्रति शेयर आम्दानी	(०.९१)	(१.०९)	०.९४	(१)	(०.८५)	३.२२	७.१२

प्रक्षेपित गरिएको वित्तिय विवरणहरुको गणनाको आधारहरु देहाय वमोजिम रहेको छ :-

१. निर्माणाधिन आयोजनाहरु १४.८ मे.वा. क्षमताको सान्जेन (माथिल्लो) जलविद्युत आयोजना तथा ४२.५ मे.वा. क्षमताको सान्जेन जलविद्युत आयोजनाको स्वीकृत ब्यापारिक उत्पादन शुरु हुने मिति क्रमशः २०७९ अषाढमसान्त र २०७९ चैत्रमसान्त रहेकोमा वित्तिय प्रक्षेपण गर्दा सोही ब्यापारिक उत्पादन शुरु हुने मितिमा आयोजना सम्पन्न भई संचालनमा आउने अनुमान गरिएको छ। उत्पादित विद्युत विक्रिबाट संकलन हुने रकम ने.वि.प्रा संग भएको विद्युत खरिद विक्री सम्भौताको दरमा हिसाब गरिएको छ।
२. आयोजनाहरुको यस अघि संशोधित अनुमानित कुल लागत आयोजना अवधिको ब्याज सहित रु. १० अर्ब ४४ करोड ८९ लाख रहेकोमा विभिन्न कारणबाट समयावधि थप हुँदै जाँदा विदेशी मुद्राको विनिमय दरमा परेको असर, निर्माण सामाग्रीमा हुने मूल्य बृद्धि, डिजाईन परिवर्तन, विभिन्न समयमा भएको बन्द हड्ताल, कोभिड १९, निर्माण अवधि वढ्दा थपिएको निर्माण अवधिको ब्याज, परामर्शदाताको पारिश्रमिक तथा अन्य खर्च, प्रशासनिक खर्च वृद्धि लगायतका कारणले आयोजना सम्पन्न हुने अवधिसम्म आयोजना अवधिको ब्याजसहित रु ११ अर्ब ८५ करोड ५७ लाख प्रक्षेपित गरिएको छ ।
३. आ.व.२०७९।८० सम्म नै निर्माणको काम हुने भएकोले प्रशासनिक खर्च (बैंक कमिशन वाहेक) आ.व.२०७९।८० सम्म नै १० प्रतिशतले बढ्ने अनुमान गरिएको छ र ब्यापारिक उत्पादन शुरु भए पश्चात हरेक वर्ष ५% बृद्धि हुने अनुमान गरिएको छ ।
४. कम्पनीले आ.व.२०७७।७८ सम्म ऋणदाता संस्था श्री कर्मचारी सञ्चय कोषसंग रु ४ अर्ब ५७ करोड १६ लाख ऋण लिई आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको थियो तर आयोजना निर्माण समयावधि लम्बिन गएकोले सो ऋण रकम नपुग भएमा थप ऋण लिई आयोजना सम्पन्न गरिनेछ ।
५. आ.व.२०७८।७९ भित्र शेयर निष्काशन गर्न बाँकी रहेको शेयर हरु १० प्रतिशत बरावर शेयर निष्काशन गरी रु ३६ करोड ५० लाख बराबरको पूँजी संकलन गरिने छ ।
६. आयोजना संचालनमा आए पश्चात आयोजनाको बीमा खर्चमा बिद्युत बिक्रीबाट प्राप्त आम्दानीको ०.५ प्रतिशत अनुमानित बीमा बापतको खर्च अनुमान गरिएको छ ।
७. ब्यापारिक उत्पादन हुनु भन्दा अगाडिको आ.व.२०७७।७८ सम्ममा केन्द्रीय कार्यालयको खर्च रकम रु १६,७६,२४,०००.०० लाई खर्च मानि सो रकमलाई आयोजनामा Reserve & Surplus मा देखाइएको ।
८. ब्यापारिक उत्पादन पश्चात CWIP लाई capitalize गर्दा सम्बन्धित आयोजनामा भएको खुद लगानी रकमका साथै Consultancy expenses लाई आयोजनाको जडित क्षमता अनुसार बाँडफाँड गरी पूँजीकरण गरिनेछ ।
९. ने.बि.प्रा.संग भएको PPA संभौता अनुसार ब्यापारिक उत्पादन शुरु भए पश्चात बिद्युत बिक्रीबाट प्राप्त हुने रकममा ४५ दिन बरावरको रकम बक्यौताको रुपमा रहने गरि देखाइएको छ ।
१०. आयोजनाहरु संचालन भई पूँजीकरण पश्चातको जम्मा संशोधित लागत अनुमान रकम रु ९ अर्ब १० करोड १९ लाख (निर्माण अवधिको ब्याज बाहेक) रहेको छ ।
११. सान्जेन (माथिल्लो) जलविद्युत आयोजना १६ जुलाई २०२२ (२०७९ आषाढमसान्त) र सान्जेन जलविद्युत आयोजना १३ अप्रिल २०२३ (२०७९ चैत्रमसान्त) सम्ममा सम्पन्न हुने आधारमा आगामी २७ वर्षसम्मको नगद प्रवाहलाई ९.७५% ले Payback Period ८.९० वर्ष (व्यापारिक उत्पादन अवधि पश्चात) रहेको छ ।
१२. सम्पत्तिहरुको ह्रास कट्टी गर्ने सम्बन्धमा कम्पनीको स्वीकृत लेखा नीति बमोजिम आयोजना निर्माण संरचनाहरु - सिभिल निर्माणको संरचना, इलेक्ट्रोमेकानिकल निर्माण कार्यको संरचना, हाइड्रोमेकानिकल निर्माण कार्यको संरचना तथा ट्रान्समिशन लाइन निर्माणकार्यको संरचनाको हकमा आयोजना अवधि २८ वर्षलाई आधार मानि बार्षिक ४ प्रतिशतका दरले ह्रास कट्टा गरिने र अन्य सम्पत्तीहरुको हकमा भने आयकर ऐन २०५८ बमोजिम ह्रास खर्च गरिने ।

सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ : आ.व. २०७७/०७८ को नेटवर्थ गणना गर्दा स्थिर सम्पतिको पुनर्मुल्यांकन गरिएको रकमलाई समावेश गरिएको छैन । साथै आ.व. २०७८/०७९ देखि आ.व २०८०/०८१ सम्मको नेटवर्थ गणना गर्दा समेत स्थिर सम्पतिको पुनर्मुल्यांकन गरिएको रकमलाई समावेश गरिएको छैन । कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९ चैत्र मसान्त	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१
चुक्ता पुँजी (रु हजारमा)	३२,८५,०००	३२,८५,०००	३२,८५,०००	३२,८५,०००	३६,५०,०००	३६,५०,०००	३६,५०,०००
जगेडा कोष (रु. हजारमा)	(७९,१२६)	(१,३८,२०९)	(१,६७,६२४)	(१,९२,७०३)	(१,९८,७७०)	(८,११,४९)	१,७८,८७३
नेटवर्थ (रु.हजारमा)	३२,०५,८७४	३१,४६,७९१	३१,१७,३७६	३०,९२,२९७	३४,५१,२३०	३५,६८,८५१	३८,२८,८७३
कुल शेयर संख्या (हजारमा)	३२,८५०	३२,८५०	३२,८५०	३२,८५०	३६,५००	३६,५००	३६,५००
प्रति शेयर कितावी मुल्य रु.	९७.५९	९५.७९	९४.९०	९४.१३	९४.५५	९७.७८	१०४.९०
प्रति शेयर आम्दानी रु.	०.९४	(१.०९)	(०.९१)	(१.००)	(०.८५)	३.२२	७.१२
नेटवर्थमा भएको औषत प्रतिफल	०.९६	(१.१३)	(०.९६)	(१.०६)	(०.८९)	३.२९	६.७८

विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (१.०३)%

नोट : निर्माणाधिन आयोजनाहरुको हकमा ब्यवसायीक उत्पादन भन्दा अगाडिको केन्द्रीय कार्यालयको संचालन सम्बन्धी खर्चलाई operating expenses का रुपमा लेखाङ्कन गर्दै सो रकम वार्षिक रुपमा नाफा नोक्सान खाताबाट जगेडा कोषमा सारेकोले नेटवर्थ परिवर्तन हुनसक्ने हुदा वासलातमा निर्माण अवधिको खर्चको रुपमा देखाउदै आएकोले नेटवर्थ परिवर्तन हुन सक्ने ।

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्ष र भविष्यमा भावी कार्य प्रगति हुने आधारमा कारोबारको आधारमा तयार गरिएको छ । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनी श्री श्री प्रतिक खनाल एण्ड एसोसियट्स काठमाडौंबाट प्रमाणित भैसकेको छ ।

१६. अन्तर्निहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

कम्पनीले बहन गरेको वा गर्ने जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा ब्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिर प्रमुख रुपमा देहायका जोखिमहरु रहेका छन् :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम** :
- संचालनमा आइनसकेको हुँदा र निर्माण चरणमा नै भएकोले विविध कारणले निर्माण लागत बढ्न गई हुने वित्तीय जोखिम रहेको
- काबु बाहिरको दैवि प्रकोपका जोखिम सदा रहि रहने ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम**:
- जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
- जलविद्युत आयोजनाको अध्ययनको क्रममा दीर्घकालिन तथ्याकं समेत अध्ययन तथा विश्लेषण गरिएको हुनाले सामान्य अबस्थामा यस्तो जोखिम नरहने ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** :
- बिद्युत उत्पादन भई बिक्री सम्बन्धमा ने.बि.प्रा. संग बिद्युत खरिद संभौता भई सकेकोले बजारको जोखिम न्यून रहेको विश्वास गरिएको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम** : भुकम्प, पहिरो, सिमाबन्दी, डिजाईन परिवर्तन र कोभिड १९लगायतका कारणले गर्दा आयोजना निर्माण अवधि थप गर्नु पर्ने भएकोले सो को कारण बैदेशिक मुद्रा, बिनियमयदर तथा बजार मूल्यमा हुने परिवर्तनले आयोजना लागतमा थपघट हुन सक्ने, निर्माण अवधि लम्बिन जाँदा पूँजीकृत साँवा र ब्याज बृद्धि हुन जाने ।

(ङ) **विदेशी विनिमयको जोखिम** : विदेशी विनिमय दरमा परिवर्तन भएमा आयोजना निर्माण लागतमा थपरघट हुन सक्ने ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु** : नेपाल सरकारको ऐन बिनियम परिमार्जन भई आयोजनालाई आवश्यक इजाजतहरु प्राप्त गर्दा ढिलाई हुन गएमा आयोजना निर्माण अवधि थप हुन सक्ने भएको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम** :
– नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय निति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
– कर, भन्सार आदि सम्बन्धी ब्यवस्थामा परिवर्तन भएमा ।
– जलविद्युत उपकरणहरु आयात सम्बन्धी नितिहरु परिवर्तनबाट हुने जोखिमहरु

(झ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम** : जलविद्युत आयोजना निर्माणको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।

(ञ) **अन्य** :
(१) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
(२) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(३) काबु बाहिरको परिस्थिति ।
(४) बिश्वमा फैलिएको कोरोना भाइरसले गर्दा हुने जोखिमहरु : शूरुको लागत अनुमानमा वृद्धि हुन सक्ने तथा उत्पादन नोक्सानी हुने ।
(५) विनिमय दरमा आएको परिवर्तनबाट हुने जोखिमहरुः शूरुको लागत अनुमानमा वृद्धि हुन सक्ने ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ :

नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने र जलविद्युतको लगानीमा न्यून जोखिम रहेको ब्यवस्थापनको धारणा रहेको छ। साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादि । यस मध्ये पानीबाट उत्पादन हुने नविकरणीय उर्जाले वातावरणमा प्रतिकुल असर नपार्ने । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलबिद्युतबाट वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनामा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमलाई न्यूनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्युनिकरण गर्न कम्पनी अन्तर्गतका सिभिल संरचनाहरुको ठेकेदारहरुबाट CAR policy अन्तर्गत र इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल ठेकेदारले EAR Policy अन्तर्गत छुट्टाछुट्टै बीमा गरेको ।

सवारी साधन तथा हेभि ईक्युपमेण्टहरुको बीमा विवरण:

कम्पनीले हालसम्म सवारी साधन तथा हेभि ईक्युपमेण्टहरुको विमा विभिन्न ईन्स्योरेन्स कम्पनीहरु मार्फत वार्षिक रुपमा गर्दै आईरहेको छ। जसलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

क्र नं	विवरण	बीमा कम्पनी नाम	विमाङ्क रु	प्रिमियम रु	म्याद समाप्त हुने अवधि
१	सवारी साधन	नेको ईन्स्योरेन्स कम्पनी लिमिटेड	३,४१,७१,०२५।-	२,९१,७७६।७४	२ सेप्टेम्बर २०२२
२	सवारी साधन तथा हेभि ईक्युपमेण्ट	एनएलजी ईन्स्योरेन्स कम्पनी लिमिटेड	१,५५,७७,६८१।-	३,०३,१९८।७४	२ मार्च २०२३

कम्पनी संग ठेक्का सम्भौता भई परिचालित ठेकेदार तथा परामर्शदाताहरुले निर्माण, जडान तथा परामर्श सेवा संगको जोखिमको लागि विभिन्न ईन्स्योरेन्स कम्पनी मार्फत विमा गर्दै आईरहेका छन्। जसलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ :

क्र. नं	विवरण	कार्य प्रकार	पोलिसी नं	ईन्स्योरेन्स कम्पनी	विमाङ्क रु	म्याद समाप्त हुने अवधि
१	एस ई डब्लु/ तुँदी जेभि	सिभिल कार्य - सान्जेन	९५०५०१/४४/१९/२०/५६/११००००३	नेशनल ईन्स्योरेन्स कम्पनी	१,८३,००,००,०००/–	२२ जनवरी २०२३
२	ईसिआइ/ विजिसिसिपिएल जे.भि.	सिभिल कार्य- सान्जेन (माथिल्लो)	केटिएम/२०/२१/सिएआर/०००४६	एजोड ईन्स्योरेन्स कम्पनी	१,१९,७५,६५,४३८/०१	१२ जुलाइ २०२२
३	डोङ्फेङ इलेक्ट्रिक ईन्टरनेशनल कर्पोरेशन	ईलेक्ट्रोमेकानिकल कार्य- सान्जेन (माथिल्लो)	०१०५२१२१/२२०००५९	प्रिमियर ईन्स्योरेन्स कम्पनी	४८,२८,२७,७१२/७२	२ नोभेम्बर २०२२
४	नेपाल हाइड्रो एण्ड ईलेक्ट्रिक लिमिटेड	हाइड्रोमेकानिकल कार्य- सान्जेन	के एम ३१/ इएआर/०३/००००२/०७७-०७८	लुम्वीनी जनरल ईन्स्योरेन्स कम्पनी	३५,८४,८१,१२४/–	२३ अप्रिल २०२३
५	नेपाल हाइड्रो एण्ड ईलेक्ट्रिक लिमिटेड	हाइड्रोमेकानिकल कार्य- सान्जेन (माथिल्लो)	के एम ३१/ इएआर/०३/०००००८/०७८-०७९	लुम्वीनी जनरल ईन्स्योरेन्स कम्पनी	२६,५३,७२,०६९/–	९ मार्च २०२३
६	मुडभरी एण्ड जोशी कन्ट्रक्सन प्रा लि	प्रशारण लाइन निर्माण कार्य	(केटीएम /७८/७९/ईएआरई/०००००९)	एभरेष्ट ईन्स्योरेन्स कम्पनी	१०,०८,७८,६२६/–	२७ जुलाइ २०२२
७	चिलिमे ईन्जिनियरिङ एण्ड सर्भिस कम्पनी लिमिटेड	परामर्शसेवा कार्य	जिएनवी/ पिआ/आई/एफ/०००१/०७८/०७९	आईएमई जनरल ईन्स्योरेन्स कम्पनी	१०,६७,४५,०००/–	२ सेप्टेम्बर २०२२

ने.बि.प्रा.ले निर्माण गर्ने चिलिमे त्रिशुली २२० के.भि. प्रसारणलाइन आयोजना निर्माण समयमा हुन नसक्ने अवस्थामा कम्पनीले उक्त अवधिको लागि Contingey एबिल अन्तर्गत रही ट्रान्समिशन लाइन निर्माण गरी हाल चिलिमे ज.बि.कम्पनीको ६६ के.भि. प्रसारणलाइन आयोजनाबाट Power Evacuation गर्न वोलपत्र आव्हान कार्य शुरु भैसकेको छ।

औषधोपचार बीमा

कर्मचारीको हकमा सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको वार्षिक रु १,००,०००।- सम्मको कोषको नियमानुसार औषधोपचार तथा स्वास्थ्य सुरक्षा वापत विमा गरिएको छ। सामाजिक सुरक्षामा आवद्ध नहुने कर्मचारी र आश्रित परिवार तथा सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको आश्रित परिवारको हकमा वार्षिक रु १००,०००।- सम्मको औषधोपचार विमा वापत मिति ०८ अगस्त २०२२ सम्म कायम रहेको विमा प्रिमियम वापत एन एल जी ईन्स्योरेन्स कम्पनीलाई रु ४,७९,८४०।- भुक्तानी गरिएको छ।

दुर्घटना बीमा

आयोजनाको कार्य जोखिमलाई ध्यानमा राखि सामाजिक सुरक्षा कोषको प्रावधान वमोजिम कोषमा आवद्ध कर्मचारीहरुको स्वतः दुर्घटना विमा भएको छ। साथै सामाजिक सुरक्षा कोषमा आवद्ध नहुने कर्मचारीहरुको हकमा वार्षिक रु १२,००,०००।-सम्मको ११ अगस्त २०२२ सम्म कायम रहेको विमा वापत रु ८,५६४।- एन एल जी इन्स्योरेन्स कम्पनीलाई प्रिमियम भुक्तानी गरिएको छ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम:

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१७. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :**
आयोजना प्रभावित रसुवा जिल्लाबासीहरुको लागि छुट्याइएको १० प्रतिशतले हुन आउने ३६,५०,००० कित्ता शेयर निष्काशन गरी अत्याधिक माग हुन गएमा उक्त शेयर नेपाल धितोपत्र निष्काशन तथा वाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही आयोजना प्रभावित जिल्लाबासी लगानीकर्ताहरुलाई जिल्ला समन्वय समिति, रसुवाको मिति २०७६/१०/२९ गते बसेको बैठकको निर्णयानुसार आयोजनाबाट अति प्रभावित, प्रभावित, सामान्य प्रभावित र न्यून प्रभावित वर्गमा पर्ने बासिन्दाहरुको लागि शेयर बाँडफाँड गर्दा सोको अनुपात क्रमशः ४.२५ : ३ : १.५ : १ हुने गरी शेयर बाँडफाँड गरिनेछ।
आयोजना प्रभावित रसुवा जिल्लाबासीहरुको लागि छुट्याइएको १० प्रतिशतले हुन आउने ३६,५०,००० कित्ता शेयर पूर्णरुपमा बिक्री नभएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भए अनुसार संस्थापक शेयरधनीले खरिद गरी लिन सक्नेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
आयोजना प्रभावित क्षेत्रलाई जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (सि आस्बा) मा भएको व्यवस्था बमोजिम आश्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ। उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकहरुको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर :**
भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था अनुसार उपदफा (२) बमोजिम भुक्तानी फिर्ता गर्दा धितोपत्र बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ। आस्वा मार्फत आवेदन दिएकाको हकमा यो व्यवस्था लागुहुने छैन।

(घ) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
निष्काशन गरिने साधारण शेयरहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समय भित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

(ङ) **धितोपत्र सुचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठीत संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** कम्पनीको हालसम्म निष्काशन भइसकेको शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण रहेको। यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर बाँडफाँड पश्चात् आवश्यक प्रक्रिया पुरा गरी सूचिकरण गरिनेछ।

(च) **धितोपत्र सुचिकरण नैभसकेको भए :** संगठीत संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित शेयर निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा व्यवस्था भए अनुसार उक्त शेयरको वाँडफाँड पश्चात नेपाल स्टक एक्सचेन्ज लि. मा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाईने छ।

(छ) **विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
धितोपत्र निष्काशन तथा वाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी ब्यवस्था अनुसार सर्वसाधारण नेपालीहरुमा निष्काशन गरी बाँडफाँड गरेपश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गराई शेयर खरिद बिक्रीको ब्यवस्था मिलाइने छ।

१८. आवेदन दिदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

रसुवा जिल्लाको आमाछोदिङमो गाँउपालिका वडा नं. ५, चिलिमे, वडा नं. ४ गोल्जुङ, आमाछोदिङमोका अन्य बाँकी वडाहरु र बाँकी सम्पूर्ण जिल्लाका बासिन्दाहरुले यस विवरण-पत्र अनुसार जारी गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।

१. रसुवा जिल्लाको आमाछोदिङमो गाँउपालिका वडा नं. ५, चिलिमेलाई अति प्रभावितमा, वडा नं. ४ गोल्जुङलाई प्रभावितमा, आमाछोदिङमोका अन्य बाँकी वडाहरुलाई सामान्य प्रभावितमा र बाँकी सम्पूर्ण जिल्लाबासीहरुलाई न्युन प्रभावितमा भनी वर्गिकरण गरिएको छ।
२. १६ वर्ष उमेर पुगेकाहरुको हकमा आवेदकले आफ्नो रसुवा जिल्लाबाट जारी गरिएको नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा सिआस्वा दरखास्त फारामसाथ पेश गर्नुपर्नेछ।
३. १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबु वा अरु कोहीले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पंजिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको संरक्षकद्धारा प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। साथै सिआस्वा दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न हुनु पर्नेछ।
४. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
५. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।
७. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ।
८. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदकालागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदकालागि आवेदन दिनुपर्नेछ।
९. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण संग रुजु हुनुपर्नेछ।
१०. आवेदकहरुले आवेदन दिदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुदैन।
११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१२. "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।
१३. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएका सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं.आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।
१५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं.र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ।
१६. **रसुवा जिल्लाका बासिन्दाहरुले रसुवा जिल्लामा रहेको सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्था वा अन्य जिल्लाहरुबाट आवेदन गर्न सकिने छ। आवेदन गर्दा अति प्रभावित, प्रभावित, सामान्य प्रभावित तथा न्यून प्रभावित (बाँकी सम्पूर्ण जिल्लावासी) को यकिन गरी सि-आस्वा (C-ASBA) फाराममा स्पष्ट उल्लेख गरी पेश गर्नुपर्ने छ।**
१७. रसुवा जिल्लाका बासिन्दाहरुले अन्य जिल्लाबाट आवेदन दिन सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरुबाट संकलित सिआस्वा फाराम संग अनिवार्य रुपमा १६ वर्ष उमेर पुगेको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र र अभिभावकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बसाईं सराईं गरी आएकोहरुको हकमा बसाईं सराईंको प्रमाणपत्र समेत, अन्य आवेदन दिन योग्य बासिन्दाहरुको हकमा वडा कार्यालयको सिफारिसपत्र समेत संलग्न गर्नुपर्ने छ र सो प्राप्त नभएमा सो शेयर बाँडफाँड गर्न बाध्य हुने छैन।
१८. बसाईंसराईं गरी आएको हकमा सान्जेन जलविद्युत कम्पनी दर्ता भएको मिति २०६६/१०/१८ भन्दा अघि यस जिल्लामा स्थायी बमोबास गरी आएका तथा अन्यत्र जिल्लाबाट यस जिल्लामा बसाईं सराईं गरी आएकाहरु सबैले आवेदन दिन पाउने छ।
साथै मिति २०६६/१०/१८ भन्दा पछि शेयर निष्काशनको लागि विवरणपत्र स्वीकृत मितिसम्ममा अन्यत्र जिल्लाबाट यस जिल्लामा बसाईं सराईं गरी आएकाहरुको हकमा अथवा अन्य जिल्लाको नागरिकता प्रमाणपत्र पेश गरी आवेदन दिनेहरुको हकमा यस जिल्लामा स्थायी बसोबास गर्ने उदेश्यले बसाईं सराईं गरी आएको, घर टहरो बनाई स्थायी रुपमा बसोबास गरिरहेको, धारा, बिजुली जोडिएको, उमेर पुगेकाहरुको हकमा मतदाता नामावलीमा नाम दर्ता भएको एकिन गरी सम्बन्धित वडा कार्यालयले प्रदान गर्ने सिफारिस पत्र पेश गरेमा आवेदन दिन पाउने छ।
१९. माथि उल्लेखित छुट भएका रसुवा जिल्लावासीहरु वा वितरण प्रक्रियामा अन्य विवादहरु आएमा निर्धारित अवधिभित्र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्रको आधारमा आवेदन गर्न पाइनेछ।
२०. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी सिआस्वा दरखास्त फाराम बुझाउनु पर्नेछ।
२१. आवेदकले सिआस्वा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरी दरखास्त फाराम बुझाउनु पर्ने छ।
२२. एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गरिने छ।
२३. नेपाल धितोपत्र बोर्डबाट मिति २०७४/०८/२६ गते स्वीकृती प्राप्त विवरणपत्रबाट मिति २०७४/११/११ देखि २०७४/११/३० गते सम्म निष्काशन गरिएको कर्मचारी सञ्चय कोषमा रकम सञ्चय गर्ने सञ्चयकर्ता कर्मचारीहरु, नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत कम्पनी लि., रसुवा जिल्लाको जिल्ला समन्वय समिति र गाउँपालिकाका कर्मचारीहरु लगायत आयोजनामा कर्जा प्रवाह गर्ने संस्था (कर्मचारी संचय कोष) का कर्मचारीहरु मध्ये पहिले शेयर पाइ सकेका कर्मचारीहरुले यस विवरणपत्र मार्फत जारी हुने शेयरको लागि आवेदन दिन पाइने छैन। पुनः आवेदन दिएमा सो दरखास्तलाई रद्द गरिनेछ। साथै नेपाल धितोपत्र वोर्डबाट मिति २०७५।१२।१० गते स्वीकृती प्राप्त विवरणपत्रबाट निष्काशन गरिएको सर्वसाधारण समुह अन्तर्गत शेयरको लागि आवेदन दिने शेयरधनीहरुले समेत यस विवरणपत्र मार्फत जारी हुने शेयरको लागि आवेदन दिन पाइने छैन। पुनः आवेदन दिएमा सो दरखास्त रद्द गरिनेछ।

आयोजना प्रभावित जिल्लाबासी लगानीकर्ताहरुलाई जिल्ला समन्वय समिति, रसुवाको मिति २०७६/१०/२९ गते बसेको बैठकको निर्णयानुसार निम्न बमोजिम आवेदन भर्न सकिने छ :

१. रसुवा जिल्लाको आमाछोदिङमो गाँउपालिका वडा नं. ५, चिलिमेलाई अति प्रभावितमा, वडा नं. ४ गोल्जुङलाई प्रभावितमा, आमाछोदिङमोका अन्य बाँकी वडाहरुलाई सामान्य प्रभावितमा र बाकी सम्पूर्ण जिल्लाबासीहरुलाई न्यून प्रभावितमा वर्गिकरण गरिएको छ।
२. बसाईंसराईं गरी आएको हकमा सान्जेन जलविद्युत कम्पनी दर्ता भएको मिति २०६६/१०/१८ भन्दा अघि यस जिल्लामा स्थायी बमोबास गरी आएका तथा अन्यत्र जिल्लाबाट यस जिल्लामा बसाईं सराईं गरी आएकाहरु सबैले आवेदन दिन पाउने छ।
साथै मिति २०६६/१०/१८ भन्दा पछि शेयर निष्काशनको लागि विवरणपत्र स्वीकृत मितिसम्ममा अन्यत्र जिल्लाबाट यस जिल्लामा बसाईं सराईं गरी आएकाहरुको हकमा अथवा अन्य जिल्लाको नागरिकता प्रमाणपत्र पेश गरी आवेदन दिनेहरुको हकमा यस जिल्लामा स्थायी बसोबास गर्ने उदेश्यले बसाईं सराईं गरी आएको, घर टहरो बनाई स्थायी रुपमा बसोबास गरिरहेको, धारा, बिजुली जोडिएको, उमेर पुगेकाहरुको हकमा मतदाता नामावलीमा नाम दर्ता भएको एकिन गरी सम्बन्धित वडा कार्यालयले प्रदान गर्ने सिफारिस पत्र पेश गरेमा आवेदन दिन पाउने छ।
३. विवाह भई आएका महिला र निजहरुबाट जन्मेका सन्तानहरुले क्रमशः विवाह दर्ता प्रमाणपत्र जन्म दर्ता प्रमाणपत्र पेश गरी आवेदन दिन सक्ने।
४. १६ वर्ष उमेर पुगी नागरिकता नलिएका र विवाह गरी रसुवा जिल्ला बाहेकका अन्य जिल्लामा गएका महिला तथा बसाईं सराईं गरी अर्को जिल्ला गएका व्यक्तिहरुले उल्लेखित शेयरमा आवेदन दिन पाउने छैन।
५. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नाबालक वा विक्षिप्त व्यक्तिको नाममा सिआस्वा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्व प्रमाणपत्र पेश गर्नुपर्नेछ।
६. हितग्राही खाता खोलिसकेका स्थानीय बासिन्दाहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA)सदस्यता प्राप्त गरेका बैंक तथा वित्तिय संस्थाहरुबाट मार्फत रसुवा जिल्ला लगायत अन्य जिल्लाहरुबाट पनि आवेदन फारम प्राप्त गर्न तथा बुझाउन सकिनेछ। यसरी आवेदन फारम बुझाउँदा आवेदकले रसुवा जिल्लाबाट जारी नागरिकता प्रमाणपत्रको प्रतिलिपिका साथै उपरोक्त आवश्यक कागजात समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तिय संस्थाले समेत सो नागारिकताको प्रमाणपत्र लगायतका आवश्यक उपरोक्त कागजातहरु रसुवा जिल्लाबाट जारी भए नभएको रुजु गरेर मात्र आवेदन फाराम स्वीकार गर्नुपर्नेछ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१) कार्यालय समय भित्र निम्नलिखित स्थानहरु तथा तोकिएको संकलन केन्द्रमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली र विवरण पत्र निरीक्षण गर्न सकिनेछ।
- कम्पनीको रजिष्टर्ड कार्यालय, वागमती अञ्चल, काठमाण्डौ जिल्ला, का. म. न. पा. वडा न ३ महाराजगंज।
- शेयर निष्काशन तथा बिक्री प्रबन्धक–नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाडौ।
- सह निष्काशन तथा बिक्री प्रबन्धक-सनराइज क्यापिटल लि. कमलपोखरी, काठमाडौं तथा एनएमबि क्यापिटल लि., नक्साल, काठमाण्डौं।

२) आयोजना प्रभावित रसुवा जिल्लावासीको हकमा प्रत्येक आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरिदका लागि आवेदन दिनुपर्नेछ। १० (दश) कित्ता भन्दा बढि शेयरका लागि आवेदन दिंदा १० (दश) अंकको गुणन संख्यामा अधिकतम ७०० (सात सय) कित्ता बराबरको रु.७० हजार सम्मको शेयरका लागि आवेदन दिन सकेछन्।

२०. विवरणपत्र पाइने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझ्ाउने स्थानहरु

क्र.सं	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं र वेवसाइट : www.nlk.org.np
२.	सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंको वेवसाइट : www.sunrisecapital.com.np
३.	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंको वेवसाइट : www.nmbcl.com.np
४.	सान्जेन जलविद्युत कम्पनी लि., महाराजगञ्ज, काठमाडौंको वेवसाइट : www.sjcl .com.np

साथै, श्री नेपाल धितोपत्र बोर्डको वेवसाइट : www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।

सि.नं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझ्ाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट सि–आस्वा (C–ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।

२१. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तिमा पन्ध्र दिन र बढिमा तीस दिनको लागि आवेदन लिने कार्य खुल्ला रहनेछ।

२२. निष्काशन बैंक (Bankers to the Issue):

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा सो व्यवस्था लागू नहुने।

२३. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार अग्रीम १० प्रतिशत रकम संकलनका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४६(क) को उपनियम ४ तथा जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुरुप आह्वान गरीएकोमा नेपाल धितोपत्र बोर्डले नेपाल सरकारबाट लागु **"जनताको जलविद्युत कार्यक्रम"** अन्तर्गतका संगठीत संस्थानहरुले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ को उपनियम (७) बमोजिम क्रेडिट रेटिङ्ग गर्न नपर्ने गरी छुट प्रदान गरेकोले यस साधारण शेयर निष्काशनका लागी क्रेडिट रेटिङ्ग गरीएको छैन।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

यस सार्वजनिक निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक नागरिक लगानी कोष नयाँ बानेश्वर, काठमाडौंको फोन नं. ०१-५९७०२०१ मा सम्पर्क गर्न सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाण्डौ। फोन नं.: ५९७०२०१
URL: www.nlk.org.np | Email: cit.cmkt@gmail.com

सह-निष्काशन तथा बिक्री प्रबन्धक:

सनराइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
कमलपोखरी, काठमाडौं, फोन नं.: ४५२८५५०, ४५२८५५०

NMB CAPITAL LIMITED
एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं फोन नं.: ४४३७९६३